# राष्ट्रिय स्वतन्त्र पार्टी

# प्रदेश अधिवेशन निर्वाचन कार्यविधि
# २०८३

## केन्द्रीय निर्वाचन आयोग

केन्द्रीय कार्यालय
वनस्थली, काठमाडौं

**प्रस्तावना**

राष्ट्रिय स्वतन्त्र पार्टीको विधान, २०७९ (तेस्रो संशोधन २०८१ सहित) को धारा ४९ तथा प्रदेश अधिवेशन कार्यविधि, २०८३ को दफा १०(ख) ले दिएको अधिकार प्रयोग गरी प्रदेश नेतृत्व चयन तथा निर्वाचनसम्बन्धी कानूनी एवम् कार्यविधिगत व्यवस्थालाई व्यवस्थित, निष्पक्ष, पारदर्शी र लोकतान्त्रिक बनाउन वाञ्छनीय भएकोले, केन्द्रीय निर्वाचन आयोगले यो कार्यविधि बनाएको छ।

## परिच्छेद-१ : प्रारम्भिक

### १. संक्षिप्त नाम र प्रारम्भ

(१) यस कार्यविधिको नाम "प्रदेश अधिवेशन निर्वाचन कार्यविधि, २०८३" रहेको छ।

(२) यो कार्यविधि केन्द्रीय निर्वाचन आयोगबाट स्वीकृत भएको मितिदेखि लागू हुनेछ।

(३) यो कार्यविधि पार्टीको पहिलोपटक आयोजना हुने प्रदेश अधिवेशनको हकमा लागू हुनेछ।

### २. उद्देश्य र मार्गदर्शक सिद्धान्त

प्रदेश अधिवेशन निर्वाचनलाई व्यवस्थित, निष्पक्ष, समावेशी तथा पारदर्शी बनाउने यसको मुख्य उद्देश्य हो। विधिको शासन, स्वतन्त्रता, तटस्थता र गोप्य मतदान यसका मार्गदर्शक सिद्धान्त हुन्।

### ३. परिभाषा

विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,—

(क) "विधान" भन्नाले राष्ट्रिय स्वतन्त्र पार्टीको विधान, २०७९ (तेस्रो संशोधन २०८१ सहित) लाई जनाउनेछ।

(ख) "अधिवेशन कार्यविधि" भन्नाले पारित प्रदेश अधिवेशन कार्यविधि, २०८३ लाई जनाउनेछ।

(ग) "आयोग" भन्नाले केन्द्रीय निर्वाचन आयोगलाई जनाउनेछ।

(घ) "निर्वाचन समिति" भन्नाले प्रदेश अधिवेशनको निर्वाचन सञ्चालनका लागि आयोगले गठन गरेको समितिलाई जनाउनेछ।

(ङ) "प्रतिनिधि" भन्नाले अधिवेशन कार्यविधिको दफा ६ बमोजिम मताधिकारसहित छनोट भएका प्रतिनिधि (मतदाता) लाई जनाउनेछ।

(च) "उम्मेदवार" भन्नाले प्रदेश समितिको पद वा सदस्यका लागि उम्मेदवारी दर्ता गरेको व्यक्तिलाई जनाउनेछ।

(छ) "पदाधिकारी" भन्नाले अधिवेशन कार्यविधिको दफा ७ बमोजिमका प्रदेश पदाधिकारीलाई जनाउनेछ।

## परिच्छेद-२ : निर्वाचन व्यवस्थापन तथा कार्यतालिका

### ४. निर्वाचन आयोगको अधिकार र स्वतन्त्रता

प्रदेश अधिवेशनसम्बन्धी सम्पूर्ण निर्वाचन कार्यको सर्वोच्च वैधानिक अधिकार आयोगमा निहित रहनेछ। आयोगले आफ्नो जिम्मेवारी निर्वाह गर्दा स्वतन्त्र, निष्पक्ष तथा तटस्थ रहनेछ।

### ५. प्रदेश निर्वाचन समिति, निर्वाचन अधिकृत तथा कार्यतालिका

(१) केन्द्रीय संगठन विभागले अधिवेशन गर्ने स्वीकृति दिएपश्चात् आयोगले निर्वाचन सञ्चालनका लागि आवश्यक संख्यामा सदस्य रहने गरी एक प्रदेश निर्वाचन समिति गठन गर्नेछ र प्रत्येक प्रदेश अधिवेशनका लागि एक निर्वाचन अधिकृत तोक्नेछ।

(२) प्रदेश निर्वाचन समितिले आयोगको निर्देशन र अधीनमा रही प्रदेश अधिवेशनको निर्वाचन सञ्चालन गर्नेछ।

(३) निर्वाचन समितिका कुनै सदस्य आफू उम्मेदवार रहेको वा हित बाझिने प्रदेश वा निर्वाचन क्षेत्रको निर्वाचन सञ्चालनमा संलग्न हुने छैनन्।

(४) मतदाता नामावली प्रकाशनदेखि परिणाम घोषणासम्मको कार्यतालिका सार्वजनिक गरिनेछ। उक्त कार्यतालिका अधिवेशन कार्यविधिको दफा ५, ६ र ९ का समयसीमा (प्रतिनिधि नामावली कम्तीमा ३ दिनअगावै, अधिवेशनको सूचना ५ दिनअगावै) भित्र रहनेछ। प्रदेश निर्वाचन समितिले प्रकाशन गरेको कार्यतालिका बाहिरका अधिवेशनको निर्वाचनसम्बन्धी कुनै पनि कार्यक्रम अवैधानिक हुनेछन्।

### ६. निर्वाचन कार्यक्रम तय तथा प्रकाशन

(१) आयोग वा निजको निर्देशनमा निर्वाचन समितिले देहाय बमोजिमका कार्यक्रम क्रमबद्ध रूपमा उल्लेख गरी निर्वाचन कार्यक्रम तयार गर्नेछ:—

(क) मतदाताको प्रारम्भिक नामावली प्रकाशन गर्ने;

(ख) मतदाता नामावलीमाथि दाबी-विरोध गर्ने;

(ग) अन्तिम मतदाता नामावली प्रकाशन गर्ने;

(घ) उम्मेदवारको मनोनयनपत्र दर्ता गर्ने;

(ङ) मनोनयनपत्र र उजुरी उपर जाँचबुझ गर्ने;

(च) उम्मेदवारले नाम फिर्ता लिने;

(छ) उम्मेदवारको अन्तिम नामावली प्रकाशन गर्ने;

(ज) मतदान तथा मतगणना गर्ने।

(२) उपदफा (१) बमोजिमको निर्वाचन कार्यक्रम सबै प्रतिनिधिले देख्ने गरी सार्वजनिक रूपमा प्रकाशन गरिनेछ।

## परिच्छेद-३ : मतदाता नामावली र प्रतिनिधिको योग्यता

### ७. मतदाता नामावली प्रकाशन र दाबी-विरोध

(१) प्रदेश अधिवेशनमा मतदान गर्न पाउने प्रतिनिधिहरूको प्रारम्भिक नामावली आयोगले प्रकाशन गर्नेछ।

(२) प्रकाशित नामावलीउपर दाबी-विरोधका लागि कम्तीमा २४ घण्टाको समय दिइनेछ।

(३) प्राप्त दाबी-विरोध उपर छानबिन सकेपछि आयोगले तोकेको समयभित्र अन्तिम मतदाता नामावली प्रकाशन गरिनेछ।

### ८. प्रतिनिधिको मतदान तथा उम्मेदवारी अधिकार

(१) प्रत्येक प्रतिनिधिले एक मत मात्र प्रयोग गर्न पाउनेछ र अर्को व्यक्तिको तर्फबाट गरिने (प्रोक्सी) मतदान मान्य हुने छैन।

(२) अन्तिम नामावलीमा समावेश र सम्बन्धित तहमा लेवी चुक्ता गरेका योग्य प्रतिनिधिले मात्र उम्मेदवारी दिन पाउनेछन्।

(३) अधिवेशन भएको पालिका, निर्वाचन क्षेत्र, जिल्ला तथा प्रदेश समिति बाहेक अन्य तदर्थ समिति, विभाग वा संयन्त्रको पदाधिकारी वा सदस्य रहेका प्रतिनिधिले उम्मेदवारी दिन सक्नेछन्।

(४) कुनै पदमा उम्मेदवारी दिन चाहेमा निजले हाल बहाल रहेको पदबाट राजीनामा दिई स्वीकृत गराएको हुनुपर्नेछ; राजीनामा नदिई वा स्वीकृत नगराई उम्मेदवारी दिएमा उम्मेदवारी दर्ता भएपछि निजको पद स्वतः रिक्त हुनेछ। कारणवश निज पुनः सोही (पुरानो) पदमा फर्कन चाहेमा सम्बन्धित समिति वा संयन्त्रले लिखित निर्णय गरेको हुनुपर्नेछ।

(५) अनुशासनको कारबाहीमा परी निलम्बनमा रहेका वा अनुशासन आयोगबाट अनुशासनात्मक छानबिन भइरहेका (छानबिन टुङ्गो नलागेका) व्यक्ति प्रतिनिधि वा उम्मेदवार हुन अयोग्य मानिनेछन्।

## परिच्छेद-४ : उम्मेदवारी

### ९. उम्मेदवारी दर्ता र शुल्क

(१) निर्वाचन कार्यक्रममा उल्लिखित मिति, समय र स्थानमा निर्वाचन अधिकृतको कार्यालयमा उम्मेदवारले मनोनयनपत्र पेश गरी देहाय बमोजिमको शुल्क बुझाउनुपर्नेछः—

| **पद / प्रयोजन** | **शुल्क (रु.)** |
|---|---|
| प्रदेश सभापति | २१,००० |
| प्रदेश उपसभापति, महामन्त्री र सहमहामन्त्री | १७,५०० |
| प्रदेश सदस्य | १०,००० |
| प्रतिनिधि दर्ता | १,५०० |
| पर्यवेक्षक | १,५०० |

(२) दोस्रो चरणमा पदाधिकारी पदका लागि उम्मेदवारी दिने निर्वाचित सदस्यले पहिलो चरणमा बुझाएको रु. १०,००० समायोजन गरी बाँकी रकम मात्र बुझाउनुपर्नेछ।

### १०. उम्मेदवारी जाँच र अन्तिम नामावली

(१) निर्वाचन अधिकृतले दर्ता भएका मनोनयनपत्र तथा उम्मेदवारको योग्यता र कागजातको जाँचबुझ गर्नेछ।

(२) उम्मेदवारले अन्तिम नामावली प्रकाशन हुनुअघि तोकिएको ढाँचामा उम्मेदवारी फिर्ता लिन सक्नेछ; फिर्ता लिएमा बुझाएको शुल्क फिर्ता हुने छैन।

(३) नाम फिर्ता लिने समय समाप्त भएपछि कायम रहेका उम्मेदवारको अन्तिम नामावली प्रकाशन गरिनेछ।

(४) कुनै पदमा एक मात्र उम्मेदवार रहेमा निर्विरोध निर्वाचित घोषणा गरिनेछ।

## परिच्छेद-५ : पहिलो चरण — प्रत्यक्ष निर्वाचन

### ११. प्रदेश समितिको संरचना

(१) अधिवेशन कार्यविधिको दफा ७ बमोजिम प्रदेश समितिको गठन देहायका सदस्य समेत गरी हुनेछः—

(क) प्रदेश सभापति — १ (अधिवेशनबाट प्रत्यक्ष निर्वाचित);

(ख) क्षेत्रगत सदस्य — प्रत्येक प्रतिनिधि सभा निर्वाचन क्षेत्रबाट १ का दरले;

(ग) समावेशी सदस्य — १५ (दफा १३ बमोजिम);

(घ) जिल्ला सभापति — सम्बन्धित प्रदेशका सबै जिल्ला सभापति पदेन सदस्य;

(ङ) निकटतम प्रतिद्वन्द्वी — प्रदेश सभापतिको निर्वाचनमा २५ प्रतिशत मत कटाउने निकटतम प्रतिद्वन्द्वी १ जना स्वतः प्रदेश समिति सदस्य हुनेछ; उक्त पद कुनै कारणले पूर्ति नभएमा प्रदेश सभापतिले प्रदेशका पार्टी सदस्यमध्येबाट मनोनीत गरी पूर्ति गर्नेछन्।

(च) मनोनीत सदस्य — समिति संख्या बिजोर हुने गरी प्रदेश सभापतिको सिफारिसमा २ वा ३।

(२) उपदफा (१) बमोजिम प्रदेशगत कुल सदस्य संख्या अधिवेशन कार्यविधिको दफा ७ बमोजिम देहाय अनुसार हुनेछ:—

कोशी प्रदेश — ६१, मधेश प्रदेश — ५९, बागमती प्रदेश — ६५, गण्डकी प्रदेश — ४७, लुम्बिनी प्रदेश — ५७, कर्णाली प्रदेश — ४१ र सुदूरपश्चिम प्रदेश — ४३ सदस्य।

| **प्रदेश** | **क्षेत्रगत** | **जिल्ला सभापति (पदेन)** | **समावेशी** | **सभापति** | **मनोनीत** | **कुल** |
|---|---|---|---|---|---|---|
| कोशी | २८ | १४ | १५ | १ | ३ | **६१** |
| मधेश | ३२ | ८ | १५ | १ | ३ | **५९** |
| बागमती | ३३ | १३ | १५ | १ | ३ | **६५** |
| गण्डकी | १८ | ११ | १५ | १ | २ | **४७** |
| लुम्बिनी | २६ | १२ | १५ | १ | ३ | **५७** |
| कर्णाली | १२ | १० | १५ | १ | ३ | **४१** |
| सुदूरपश्चिम | १६ | ९ | १५ | १ | २ | **४३** |

(३) प्रदेश समिति सदस्यमध्येबाट प्रदेश कोषाध्यक्ष (१) र प्रदेश प्रवक्ता (१) लाई प्रदेश सभापतिको सिफारिसमा प्रदेश समितिले मनोनीत गर्नेछ; यी पद यस अधिवेशनमा प्रत्यक्ष निर्वाचित हुने होइनन्।

### १२. निर्वाचन हुने पदहरू र मतदान

(१) पहिलो चरणमा प्रदेश सभापति (१) र प्रदेश सदस्यहरूको प्रत्यक्ष निर्वाचन गोप्य मतदानद्वारा गरिनेछ।

(२) प्रदेश सदस्य अधिवेशन कार्यविधिको दफा ७ बमोजिम प्रत्येक प्रतिनिधि सभा निर्वाचन क्षेत्रबाट १ का दरले (क्षेत्रगत) र समावेशी सिद्धान्तअनुरूप (समावेशी) निर्वाचित हुनेछन्।

(३) क्षेत्रगत सदस्यको उम्मेदवार सम्बन्धित प्रतिनिधि सभा निर्वाचन क्षेत्रकै प्रतिनिधि हुनुपर्नेछ। तर प्रदेश सभापति, क्षेत्रगत तथा समावेशी - सबै पदका लागि मतदान सम्पूर्ण अधिवेशन प्रतिनिधिले गर्नेछन्।

(४) अधिवेशनको बन्द सत्रमा प्रतिनिधिको रूपमा दर्ता भई उपस्थित भएका प्रतिनिधिको आधारमा निर्वाचन सञ्चालन हुनेछ। गणपूरकका लागि अधिवेशनमा सहभागी हुन पाउने कुल हकदार प्रतिनिधिको होइन, बन्द सत्रमा दर्ता भएका प्रतिनिधिको बहुमत उपस्थिति आवश्यक हुनेछ।

(५) मतदान विधि तथा क्षेत्रगत र समावेशी सदस्यको प्रदेशगत विभाजन सचिवालयबाट प्राप्त स्पष्टता र अधिवेशन कार्यविधिको दफा ७ का कुल संख्याभित्र रही आयोगले निर्धारण गर्नेछ।

### १३. समावेशी सदस्यको निर्वाचन

(१) अधिवेशन कार्यविधिको दफा ७ बमोजिमका १५ जना समावेशी सदस्य समावेशी सिद्धान्त अनुरूप निर्वाचित हुनेछन्। विधानको धारा ८२ बमोजिम यस्तो समावेशिता नेपालको संविधानले परिकल्पना गरेको समानुपातिक समावेशी सिद्धान्त (संविधानको धारा ८४) अनुरूप कायम गरिनेछ।

(२) १५ समावेशी स्थान देहाय बमोजिम विभाजन गरिनेछ:—

(क) दलित समुदाय — २ (आरक्षित);

(ख) अपाङ्गता भएका व्यक्ति — १ (आरक्षित);

(ग) सम्बन्धित प्रदेशको जनसंख्याको आधारमा सबैभन्दा बढी जनसंख्या भएका ३ समावेशी समूह — १२ (समानुपातिक रूपमा, प्रत्येक समूहलाई कम्तीमा १)।

(३) उपदफा (२)(ग) बमोजिमका समूह तथा प्रत्येक समूहलाई दिइने स्थान संख्या आयोगले संविधानको धारा ८४(२) ले निर्दिष्ट गरेबमोजिम सम्बन्धित प्रदेशको प्रचलित राष्ट्रिय जनगणनाको जनसंख्या बनोटको आधारमा निर्धारण गरी कारणसहितको निर्णय अभिलेख राख्नेछ।

(४) प्रदेश समितिमा कुल सदस्य संख्याको कम्तीमा एक तिहाई (३३%) महिला हुनुपर्नेछ। यो अनुपात पुर्‍याउन आवश्यक भएमा समावेशी समूहका स्थानमा सम्बन्धित समूहका बढी मत ल्याउने महिला उम्मेदवारलाई क्रमशः निर्वाचित घोषणा गरी सुनिश्चित गरिनेछ। विधानले प्राथमिकता दिएबमोजिम युवालाई समावेशी सदस्यको निर्वाचनमा प्राथमिकता दिइनेछ।

(५) उपदफा (२) बमोजिमका आरक्षित स्थानका लागि सम्बन्धित समूहका प्रतिनिधि मात्र उम्मेदवार हुन सक्नेछन्; मतदान भने सम्पूर्ण अधिवेशन प्रतिनिधिले गर्नेछन् र सोही समूहका उम्मेदवारमध्ये बढी मत ल्याउने निर्वाचित हुनेछन्।

### १४. विजयी हुने आधार

(१) प्रदेश सभापतिको निर्वाचनमा विजयी हुन उम्मेदवारले कुल सदर मतको (५०%+१) को संख्यामा मत ल्याउनुपर्नेछ; अन्यथा बढी मत ल्याउने दुई उम्मेदवारबीच पुनः निर्वाचन हुनेछ।

(२) प्रदेश सभापति बाहेक अन्य सबै पदमा खसेका वैध मतमध्ये सबैभन्दा बढी मत ल्याउने उम्मेदवार निर्वाचित हुनेछ।

(३) मत बराबर भएमा एकपटक पुनर्गणनाद्वारा रुजु गरिनेछ; तत्पश्चात् पनि बराबरी कायम रहेमा उम्मेदवारहरूकै रोहबरमा गोलाप्रथा द्वारा निर्णय गरिनेछ।

## परिच्छेद-६ : दोस्रो चरण — आन्तरिक निर्वाचन

### १५. दोस्रो चरणको निर्वाचन

(१) पहिलो चरणबाट निर्वाचित प्रदेश सदस्यहरूमध्येबाट मात्र उम्मेदवार भई सम्पूर्ण प्रतिनिधिहरूको मतदानद्वारा प्रदेश उपसभापति (१), प्रदेश महामन्त्री (१) र प्रदेश सहमहामन्त्री (२) को निर्वाचन हुनेछ।

(२) अधिवेशन कार्यविधिको दफा ७ अनुसार दुई सहमहामन्त्री फरक लिङ्गका हुनुपर्नेछन्। एकल मतपत्रमा सबैभन्दा बढी मत ल्याउने १ र अर्को लिङ्गबाट सबैभन्दा बढी मत ल्याउने १ गरी सहमहामन्त्री चयन गरिनेछ।

(३) निर्वाचन सम्पन्न भएपछि समिति संख्या बिजोर मिलाउने २ वा ३ सदस्य तथा प्रदेश कोषाध्यक्ष र प्रवक्ताको मनोनयन प्रदेश सभापतिको सिफारिसमा प्रदेश समितिले अधिवेशन कार्यविधि र विधान बमोजिम गर्नेछ।

## परिच्छेद-७ : मतदान सञ्चालन र मतगणना

### १६. मतदान केन्द्र र गोपनीयता

(१) प्रत्येक प्रतिनिधिले आफ्नो मत व्यक्तिगत रूपमा गोप्य मतदान कक्षमा खसाल्नुपर्नेछ।

(२) मतदान केन्द्रभित्र मोबाइल, क्यामेरा वा उम्मेदवारको प्रचार सामग्री लैजान निषेध गरिएको छ।

(३) निर्वाचन समितिमा दर्ता भएका पर्यवेक्षकको अधिकतम संख्या आयोगले तोक्नेछ र पर्यवेक्षकलाई मताधिकार हुने छैन।

### १७. मतगणना र बदर मत

(१) मतदान समाप्त भएपछि उम्मेदवार वा निर्वाचन समितिको अभिलेखमा रहेका निजको प्रतिनिधिको प्रत्यक्ष रोहबरमा मतगणना गरिनेछ।

(२) बाहिर कुनै सङ्केत नभएको र मतदाताको स्पष्ट मनसाय देखिएको मतपत्र सदर मानिनेछ। देहायको अवस्थामा मतपत्र बदर हुनेछ:—

(क) आयोगले स्वीकृत नगरेको मतपत्र प्रयोग भएमा;

(ख) मतपत्रमा पार्टीको छाप र निर्वाचन अधिकृतको हस्ताक्षर नभएमा;

(ग) तोकिएको स्थानभन्दा बाहिर चिन्ह लगाइएमा वा केरमेट गरिएमा;

(घ) एकभन्दा बढी उम्मेदवारलाई चिन्ह लगाइएमा वा मतदाताको परिचय खुल्ने चिन्ह भएमा वा मनसाय स्पष्ट नभएमा।

(३) प्रारम्भिक परिणाम घोषणापश्चात् आयोगले कागजात परीक्षण गरी अन्तिम प्रमाणीकरण गर्नेछ।

## परिच्छेद-८ : उजुरी, पुनरावेदन तथा विवाद निरूपण

### १८. उजुरी दिने म्याद र प्रक्रिया

(१) निर्वाचन प्रक्रियासँग सम्बन्धित उजुरी २४ घण्टाभित्र र परिणाम सम्बन्धी उजुरी परिणाम घोषणा भएको ७२ घण्टाभित्र निर्वाचन समिति समक्ष दर्ता गर्नुपर्नेछ।

(२) निर्वाचन समितिले प्रमाणको आधारमा प्राकृतिक न्यायको सिद्धान्त पालना गर्दै आवश्यक छानबिन गरी निर्णय गर्नेछ।

### १९. पुनरावेदन

(१) निर्वाचन समितिको निर्णयउपर चित्त नबुझेमा ७२ घण्टाभित्र केन्द्रीय निर्वाचन आयोग समक्ष पुनरावेदन गर्न सकिनेछ।

(२) आयोगको निर्णय नै अन्तिम र बाध्यकारी हुनेछ।

## परिच्छेद-९ : आचारसंहिता तथा कसुर

### २०. आचारसंहिताको पालना

(१) उम्मेदवारले स्वस्थ, मर्यादित तथा सम्मानजनक प्रतिस्पर्धा गर्नुपर्नेछ।

(२) देहायका कार्य निषेधित हुनेछन्:—

(क) मत खरिद गर्ने, आर्थिक प्रलोभन दिने वा धम्की दिने;

(ख) संगठनात्मक स्रोत, पद, अधिकार वा आर्थिक प्रभावको दुरुपयोग गरी समन्वित उम्मेदवारी सञ्चालन गर्ने;

(ग) व्यक्तिगत चरित्रहत्या वा भ्रामक सूचना फैलाउने।

### २१. कसुर तथा कारबाही

(१) दफा २० विपरीत कार्य गर्ने उम्मेदवारको उम्मेदवारी खारेज गर्न सकिनेछ।

(२) निर्वाचन प्रक्रियामा धाँधली वा पक्षपात प्रमाणित भएमा आयोगले मौखिक वा लिखित चेतावनी, सार्वजनिक सचेतना, उम्मेदवारी खारेज वा थप कारबाहीका लागि अनुशासन समितिमा सिफारिस गर्न सक्नेछ।

## परिच्छेद-१० : विविध

### २२. शपथ ग्रहण

(१) निर्वाचन परिणाम प्रमाणीकरण भएपछि निर्वाचित प्रदेश सभापतिलाई आयोगले तोकेको प्रतिनिधिले विधानको अनुसूची-४ बमोजिमको ढाँचामा शपथ ग्रहण गराउनेछ।

(२) अन्य निर्वाचित तथा मनोनीत पदाधिकारी र सदस्यलाई प्रदेश सभापतिले शपथ ग्रहण गराउनेछन्।

### २३. परिणाम अभिलेखीकरण र केन्द्रीय पोर्टल अद्यावधिक

(१) निर्वाचन समितिले निर्वाचनको विस्तृत प्रतिवेदन र सम्पूर्ण कागजात केन्द्रीय निर्वाचन आयोगमा बुझाउनुपर्नेछ।

(२) निर्वाचित प्रदेश समितिको विवरण केन्द्रीय संगठन विभागमा बुझाई अधिवेशन भएको ३ दिनभित्र पार्टीको केन्द्रीय पोर्टलमा अद्यावधिक गरिनेछ।

**२४. खारेजी र बचाउ**

(१) यस कार्यविधिमा लेखिएका कुरा पार्टीको विधान वा अधिवेशन कार्यविधिसँग बाझिएमा बाझिएको हदसम्म स्वतः खारेज हुनेछन्।

(२) यस कार्यविधिको कार्यान्वयनमा कुनै बाधा अड्काउ परेमा आयोगले विधान र अधिवेशन कार्यविधिको मर्म अनुकूल हुने गरी आवश्यक निर्णय गर्न सक्नेछ।

## अनुसूचीहरू

यस कार्यविधि अन्तर्गत देहायका अनुसूची लागू हुनेछन्:

| | |
|---|---|
| **अनुसूची-१** | निर्वाचन कार्यतालिका नमूना |
| **अनुसूची-२** | उम्मेदवारी दर्ता फाराम (पहिलो चरण) |
| **अनुसूची-३** | उम्मेदवारी दर्ता फाराम (दोस्रो चरण) |
| **अनुसूची-४** | दाबी-विरोध फाराम |
| **अनुसूची-५** | उम्मेदवारी फिर्ता फाराम |
| **अनुसूची-६** | मतपत्र नमूना (पहिलो चरण) |
| **अनुसूची-७** | मतपत्र नमूना (दोस्रो चरण) |
| **अनुसूची-८** | मतगणना फाराम |
| **अनुसूची-९** | परिणाम प्रमाणीकरण फाराम |
| **अनुसूची-१०** | निर्वाचन परिणाम तथा समिति गठन मुचुल्का |
| **अनुसूची-११** | शपथपत्र (विधानको अनुसूची-४ अनुरूप) |
| **अनुसूची-१२** | उम्मेदवारको प्रतिबद्धता तथा आचारसंहिता स्वीकृति पत्र |
| **अनुसूची-१३** | निर्वाचन प्रतिवेदन ढाँचा |
| **अनुसूची-१४** | रसिद तथा आर्थिक अभिलेख ढाँचा |

**जारी गर्ने: केन्द्रीय निर्वाचन आयोग, राष्ट्रिय स्वतन्त्र पार्टी**

स्वीकृत मिति: २०८३ .....................